# स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

## (खैरहनी नगर कार्यपालिकाबाट पारित)

नगरसभाबाट स्विकृत मिति :– २०७४/१२/२७

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न खैरहनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा २ बमोजिम खैरहनी नगरकार्यपालिकाको मिति २०७४/१२/२७ बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### भाग- १
### प्रारम्भिक

१. **कार्यविधिको नाम :** यस कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेको छ ।

२. **कार्यविधि लागु हुने :** यो कार्यविधि खैरहनी नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

### भाग-२
### स्थानीय राजपत्रको भाग र ढाँचा

३. **स्थानीय राजपत्रको भागहरुः**स्थानीय राजपत्रमा प्रकाशन गर्ने बिषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **स्थानीय राजपत्रको ढाँचाः**स्थानीय राजपत्रको ढाँचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्थाः** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको बर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति बर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **स्थानीय राजपत्रको संख्याः** (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका बिषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्री :** स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी :** स्थानीय राजपत्र खैरहनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख

प्रशासकीय अधिकृतको नाम र खैरहनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

**भाग-३**

**स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण**

९ . **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी:**(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशनपूर्व सम्पादन गर्नुपर्ने:**(१) प्रकाशन हुने सामग्री नगर कार्यपालिकाको कानून सम्बन्धी बिषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाइनेछ ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन:**(१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **नि:शुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा नि:शुल्क रुपमा उपलब्ध गराइनेछ:

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,
(ख) जिल्ला समन्वय समिति,
(ग) नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,
(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा,र
(ङ) नगरपालिकाका प्रत्येक वडा कार्यालय

१३. **वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने:** नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई नगरपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य:**(१) प्रकाशित स्थानीय राजपत्र नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेखकेन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको  देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

(क) **<u>वार्षिक सदस्य बनाई बिक्री गर्दा :</u>** वडा कार्यालय वा खैरहनी नगरपालिकाबाट बुझिलिने गरी वार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/ (पाँच सय नब्बेमात्र)

(ख) **<u>खुद्रा बिक्री गर्दा :</u>** स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

**द्रष्टब्यः** माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ । स्थानीय सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

**१५. <u>बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :</u>** स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**१६. <u>यसै कार्यविधि बमोजिम भएको मानिने</u>** : यस कार्यविधि लागु हुनु भन्दा अगावै नगर कार्यपालिकाबाट निर्णय गरी जारी भएको राजपत्र यसै कार्यविधि बमोजिम जारी भएको मानिनेछ । त्यस्तै गरी कार्यविधि लागु हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागु गरेका तर राजपत्रमामा प्रकाशित नभएका कानून, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

**१७. <u>कार्यविधिको व्याख्याः</u>** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१८. <u>कार्यविधिमा संशोधन :</u>** यस कार्यविधिमा संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

**स्थानीय राजपत्रमा प्रकाशन गर्ने बिषयवस्तु र भागहरु**

**भाग-१**

यस भागमा नगर सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन, कार्यपालिकाबाट पारित भएका अध्यादेश तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा नगर कार्यपालिकाबाट जारी भएका नियमावली, आदेश तथा अधिकारपत्रहरु प्रकाशन गरिनेछ ।

**भाग-३**

यस भागमा नगर कार्यपालिकाबाट जारी भएका निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रकाशन गरिनेछ ।

**भाग-४**

यस भागमा नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह तथा अन्य निकायसंग भएका सम्झौताहरु प्रकाशन गरिनेछ ।

**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

खैरहनी नगरपालिका

स्थानीय राजपत्र

खण्डः...                    संख्याः...                    मितिः ..../../..

**भाग-१**

**खैरहनी नगरपालिका**

यस भागमा नगर सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन, कार्यपालिकाबाट पारित भएका अध्यादेश तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

प्रमाणित गर्नेः-

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

खैरहनी नगरपालिका

स्थानीय राजपत्र

खण्डः...                    संख्याः...                    मितिः ..../../..

**भाग-२**

**खैरहनी नगरपालिका**

यस भागमा नगर कार्यपालिकाबाट जारी भएका नियमावली, आदेश तथा अधिकारपत्रहरु प्रकाशन गरिनेछ ।

प्रमाणित गर्नेः-

पुरुषोत्तम शर्मा

प्रमुख प्रशासकीय अधिकृत

(उप-सचिव)

**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-३ सँग सम्बन्धित)

खैरहनी नगरपालिका

स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

**भाग-३**

**खैरहनी नगरपालिका**

यस भागमा नगर कार्यपालिकाबाट जारी भएका निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रकाशन गरिनेछ ।

प्रमाणित गर्नेः-

पुरुषोत्तम शर्मा

प्रमुख प्रशासकीय अधिकृत

(उप-सचिव)

**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-४ सँग सम्बन्धित)

खैरहनी नगरपालिका

स्थानीय राजपत्र

खण्डः...                    संख्याः...                    मितिः ..../../..

**भाग-४**

**खैरहनी नगरपालिका**

यस भागमा नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह तथा अन्य निकायसंग भएका सम्झौताहरु प्रकाशन गरिनेछ ।

प्रमाणित गर्नेः-

पुरुषोत्तम शर्मा

प्रमुख प्रशासकीय अधिकृत

(उप-सचिव)